नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा

( ४- २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३


पत्र संख्या: २०८०/८१/४/प्रा.स्था.स्वा.
च.न.: ३११

रामशाहपथ
काठमाडौं, नेपाल
मितिः २०८०/०८/२१

श्री संघीय अस्पतालहरु (सबै)।

विषयः "निक साइमन्स अवार्ड २०२३" को लागि स्वास्थ्यकर्मी सिफारिस गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र निक साइमन्स इन्स्टिच्युटको संयुक्त आयोजनामा प्रत्येक वर्ष ग्रामिण क्षेत्रमा रही स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान पुर्याए वापत एक जना स्वास्थ्यकर्मीलाई "निक साइमन्स अवार्ड" प्रदान गरिदै आएको छ। यसै क्रममा यस वर्ष पनि स्वास्थ्यकर्मीहरु मध्ये एक जना उत्कृष्ट स्वास्थ्यकर्मीलाई **"निक साइमन्स अवार्ड २०२३"** प्रदान गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ।

यसै सन्दर्भमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मिति २०८०/०८/१५, च.नं. ४५२ को पत्रानुसार सो उद्देश्यको लागि तहाँ अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरु मध्येबाट यसै पत्रसाथ संलग्न ढाँचा बमोजिम मापदण्ड पुरा भएका स्वास्थ्यकर्मीहरुलाई सिफारिस गरी मिति २०८० माघ २९ गते भित्र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रमा (इमेलः info@nhtc.gov.np) ) पठाउने व्यवस्थाको लागि अनुरोध छ। केन्द्रबाट प्राप्त पत्र तथा अन्य कागजातहरु यसै पत्रसाथ संलग्न रहेको व्यहोरा समेत अनुरोध छ।

**अपेक्षित सहभागि स्वास्थ्यकर्मीहरुः**

१. मे.सु/मे.अ./न.अ./ज.स्वा.अ., लागायत स्वास्थ्यकर्मीहरू (विभिन्न अस्पताल/स्वास्थ्य कार्यालय)
२. हे.अ. , अ.हे.व.,लागायत स्वास्थ्यकर्मीहरू (विभिन्न अस्पताल/प्रा.स्वा.के./स्वास्थ्य चौकीमा कार्यरत)
३. स्टाफ नर्स/अ.न.मी. , लागायत स्वास्थ्यकर्मीहरू(विभिन्न अस्पताल /प्रा.स्वा.के./स्वास्थ्य चौकीमा कार्यरत)

........................
सौगात सम्बाहाङफे
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकु, काठमाडौं।
श्री निक साइमन्स इन्स्टिच्युट, सानेपा, ललितपुर।
श्री सूचना तथा प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिनुहुन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र

टेलिफोन नं. ०१-४३५५८९२
०१-४३६२१६१
०१-४३१६९४४
०१-४३५६७६४
०१-४३६१४८३
फ्याक्स नं.: ०१-४३६१८९७
इमेल: info@nhtc.gov.np
टेकु, काठमाडौं ।

पत्र संख्या:- २०८१/०८१
चलानी नं.:- ८४२

मिति:- २०८०/०८/१५

श्री स्वास्थ्य समन्वय माहाशाखा,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
रामशाहपथ, काठमाण्डौ ।

विषय: निक साइमन्स अवार्ड २०२३ को लागी सिफारिस पठाइदिन आवश्यक समन्वय गरिदिने बारे ।

यस केन्द्र र निक साइमन्स इन्स्टिच्युटको संयुक्त आयोजनामा प्रत्येक वर्ष ग्रामिण क्षेत्रमा रही स्वास्थ्य सेवामा महत्वपुर्ण योगदान पुर्याए वापत एक जना स्वास्थ्यकर्मीलाई "निक साइमन्स अवार्ड" प्रदान गरिदै आएको छ । यसै क्रममा यस बर्ष पनि स्वास्थ्यकर्मीहरू मध्ये एकजना उत्कृष्ट स्वास्थ्यकर्मीलाई "निक साइमन्स अवार्ड २०२३" प्रदान गरिने भएको छ ।

सो उदेश्यको लागी तपशिल मातहत अस्पताल, प्राथामिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा कार्यरत स्वास्थ्यकर्मीहरू (डाक्टर, प्यारामेडिक्स, नर्स तथा अन्य प्राविधिकहरू) मध्येबाट यसै पत्रसाथ संलग्न ढाँचा बमोजिम मापदण्ड पुरा भएका लाई २०८० माघ २९ गते भित्र यस केन्द्रमा पठाउनका लागी जानकारी सम्प्रेषण गरिदिनु हुन अनुरोध छ ।

तपशिल:

| सि.नं. | निकायहरू | अपेक्षित सहभागी स्वास्थ्यकर्मीहरू |
|---|---|---|
| १ | श्री स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश । | १. मे.सु/मे.अ./न.अ./ज.स्वा.अ., लागायत स्वास्थ्यकर्मीहरू (विभिन्न अस्पताल/स्वास्थ्य कार्यालय)<br>२. हे.अ. , अ.हे.व., लागायत स्वास्थ्यकर्मीहरू (विभिन्न अस्पताल /प्रा.स्वा.के./स्वास्थ्य चौकीमा कार्यरत)<br>३. स्टाफ नर्स/अ.न.मी. , लागायत स्वास्थ्यकर्मीहरू (विभिन्न अस्पताल /प्रा.स्वा.के./स्वास्थ्य चौकीमा कार्यरत) |
| २ | श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश । | |
| ३ | श्री स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश । | |
| ४ | श्री सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश । | |
| ५ | श्री स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेश । | |
| ६ | श्री सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश । | |
| ७ | श्री सामाजिक विकास मन्त्रालय, सुदुरपश्चिम प्रदेश । | |
| ८ | श्री स्वास्थ्य निर्देशनालय, सातै प्रदेश । | |
| ९ | श्री स्वास्थ्य कार्यालयहरू, ७७ वटै । | |
| १० | श्री सबै अस्पतालहरू | |

बोधार्थ:
श्री स्वास्थ्य सेवा विभाग, टेकु ।
श्री निक साइमन्स इन्स्टिच्युट- सानेपा ललितपुर ।

डा. अनुज भट्टचन
निर्देशक

## "निक साइमन्स अवार्ड" छनौटको लागि पठाउने विवरणको ढाँचा (नमुना)

**स्वास्थ्यकर्मीको विवरण (Personal Information of Health Worker)**

| | | |
|---|---|---|
| नाम (Name) : | | हालसालै खिचिएको फोटो |
| हालको पद (Designation) : | | |
| ठेगाना (Address) : | | |
| सम्पर्क नम्वर (Contact Number) : | | |
| इमेल (अनिवार्य) (Email - Mandatory) : | | |

**संस्थागत विवरण (Organizational Information)**

| | |
|---|---|
| हाल कार्यरत संस्थाको नाम (Name of the Organization) : | |
| हालको संस्थामा कार्यरत अवधि (Number of Years Working at Current Organization) : | |
| सेवा शुरु गरेको मिति (Date of Job Started) : | |
| संस्था प्रमुखको नाम (Name of the Organization Head) : | |
| सम्पर्क नम्वर (Contact Number) : | |
| स्थानीय तहको स्वास्थ्य संयोजकको नाम (Name of Health Coordinator of Local Level) : | |
| सम्पर्क नम्वर (Contact Number) : | |

**यो अवार्डमा सहभागिताको लागि तपशिलको मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।**

१. ग्रामीण क्षेत्रको स्वास्थ्य संस्थामा रहेर काम गरेको अवधि- न्युनतम ५ बर्ष
१.२ व्यक्तिगत क्षमता र कार्यमूल्यांकन
१.३ स्थानीय समुदायकको सहभागीतामा कार्य गरेको
१.४ स्थानीय क्षेत्रको स्वास्थ्य सेवामा सुधार गर्न पहल गरेको
१.५ निजको कारणले स्वास्थ्य संस्थाको उपयोगितामा वृद्धि भएको

सिफारिश गर्ने आधारहरु *(तल उल्लेख गरिएका कार्यहरुलाई विस्तृतमा बुँदागत रुपमा उल्लेख गर्ने)* :

१. सेवाको गुणस्तरमा सुधार गर्न गरिएका कार्यहरु :
२. संस्थाको पूर्वाधार विकासको लागि गरिएका कार्यहरु :
३. अन्य सामाजिक कार्यहरु/सरोकार वालाहरुसंग मिलेर विकास लागि गरिएका कार्यहरु :
४. सामाजिक स्वास्थ्य सेवाको टेवा पुऱ्याउन गरेको कार्यहरु :
५. समग्र स्वास्थ्य सेवा सुधारको लागि गरिएका कार्यहरु :

**सिफारिश पठाउँदा ध्यान दिनुपर्ने कुराहरु :**

- सिफारिशलाई Word मा टाईप गरेर पठाउनुपर्ने । यसरी टाईप गर्दा A4 साइजमा सबैतिर (दायाँ, बायाँ, तल, माथि) १ - १ इन्च मार्जिन छोड्ने र लाइन स्पेसिङ्ग सिंगल राख्ने । हस्तलिखित पठाउने भएमा प्रष्टसंग बुझिने गरी पठाउनुपर्ने ।
- सिफारिशमा बढीमा चारवटा फोटो संलग्न गर्ने र संलग्न गरेको फोटोको Caption अनिवार्य हुनुपर्ने ।
- सिफारिशलाई आफ्नो आधिकारिक संस्थाको पत्रसहित पठाउनुपर्ने ।

**सिफारिश पठाउने ठेगाना :**

| | |
|---|---|
| **राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र**<br>फोन : ०१-५३६ २१६१<br>इमेल : info@nhtc.gov.np | **निक साइमन्स इन्स्टिच्यूट**<br>मोवाइल: ९८४१२४८४८१<br>फोन : ०१-५४५ १९७८<br>इमेल : nrshrestha@nsi.edu.np |

*सिफारिशलाई २०८० माघ २१ गते भित्र आईपुग्ने गरी माथिको ठेगानामा पठाउन वा https://nsi.edu.np/award2023 मा फाराम भरेर सिधै पठाउन अनुरोध छ ।*